*Vol. 10 Issue 1, 50-64 Jan. 2025*
*ISSN 2382-5103*

**JOURNAL OF DEVELOPMENT REVIEW**




# नेपाली भाषा र साहित्यको विकासमा भारतीय नेपालीहरूको भूमिका

**डा. विष्णु न्यौपाने, उपप्राध्यापक**

त्रिवि, सरस्वती बहुमुखी क्याम्पस, काठमाडौँ, नेपाल
neupanesmc@gmail.com

ARTICLE INFO

*जर्नल अफ डिभलपमेन्ट रिभ्युका लागि प्रेषित २०८१।०९।०९*
*परिमार्जन २०८१।१०।०१*
*दोस्रो पटक परिमार्जन २०८१।१०।०२*

*शब्दकुञ्जी*
*उर्वरभूमि, छापापत्रिका, भारतभूमि, मातृभाषा, मातृभूमि ।*

**लेखसार**

*नेपाली भाषा बहुसङ्ख्यक नेपालीको मातृभाषा हो भने भारतका विभिन्न ठाउँहरू : दार्जिलिङ, खर्साङ, कालिपोङ, सिक्किम, आसाम, जलपाइगुढी आदि क्षेत्रका भारतीय नेपालीले पनि यस भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्दछन् । भारतमा बोलिने नेपाली भाषालाई भारतीय नेपाली भाषा भनिन्छ । नेपालमा यो भाषा सरकारी कामकाजको भाषा हो भने भारतमा भारतीय सरकारी मान्यता प्राप्त भाषा हो । यो भाषा विभिन्न भाषाभाषिको सम्पर्क भाषा पनि हो । नेपालबाट काम र मामका सिलसिलामा नेपालीहरू जहाँजहाँ पुगेका छन् त्यहाँ नेपाली भाषा बोल्दछन् र यस भाषाप्रति सम्मान र प्रगाढ आस्था पनि प्रकट गर्दछन् । साहित्य सिर्जनाका हिसाबले पनि यो भाषा संवृद्ध छ । भारतीय भूमि खासगरी दाजिर्लिङ, खर्साङ, कालिपोङ र सिक्किममा रहेका नेपालीहरू जसलाई भारतीय नेपाली पनि भनिन्छ, तिनीहरूको नेपाली भाषाप्रतिको माया, ममताह नेपाली भाषाको उत्थान तथा संवृद्धिमा उनीहरूको योगदान र उनीहरूद्वारा सिर्जना गरिएका नेपाली साहित्यसम्बन्धी कार्यको खोजी गर्नु आवश्यक भएको छ । पुस्तकालय अध्ययन कार्यका आधारमा द्वितीयक स्रोत सामग्री सङ्कलन गरी यिनै सामग्रीको अध्ययन र पुनरावलोकनबाट गुणात्मक अनुसन्धान ढाँचामा विश्लेषित यस अनुसन्धान लेखमा भारतीय नेपालीहरूले नेपाली भाषा र साहित्यको विकासमा केकस्तो योगदान पुऱ्याएका छन् भन्ने प्राज्ञिक समस्यामा यो लेख केन्द्रित रहेको छ । विवरणात्मक र विश्लेषणात्मक विधिद्वारा भारतीय नेपालीहरूले नेपाल भूमि वा भारतभूमिमा रहेर नेपाली भाषाको विकासमा योगदान दिएकाले तिनीहरूलाई नेपाल र भारत दुवै सरकारले उचित मान, सम्मान र संरक्षण गर्नुपर्दछ भन्ने निष्कर्ष यस लेखमा प्रस्तुत गरिएको छ ।*

*© 2025 Journal of Development ReviewSMC All rights reserved*

नेपाल र भारतबिचको सम्बन्ध प्राचीन कालदेखि नै सुमधुर रहेको छ । मूलत: भौगोलिक र भाषिक कारणले यी दुई देशको सम्बन्ध अझ प्रगाढ बनेको बुझिन्छ । नेपालको तीनदिशा : पूर्व, पश्चिम र दक्षिणको सिमाना भारतसँग जोडिएको छ । पूर्वमा मेची नदीपूर्व टिस्टासम्मको, पश्चिम महाकाली नदीपारी काँगडासम्मको र दक्षिणमा गंगानदीसम्मको क्षेत्रमा बसोवास गर्ने नेपालीहरू राष्ट्रका हिसाबले भारतीय तर भाषा, साहित्य र संस्कृतिका हिसाबले भारतीय नेपाली हुन पुगेका छन् । नेपाल र अङ्ग्रेजबिच भएको सुगौली सन्धिपछि पूर्वी नेपालको पहाडी भूभागका नेपालीहरू काम र मामको खोजीमा भारतीय भूमिमा लाग्ने क्रम सुरु भयो । यिनीहरू टिष्टा र ब्रह्मपुत्र नदीका किनारमा तथा जङ्गल फडानी गरी बसोवास गर्न थाले । असित राईले आफ्नो उपन्यासमा त दार्जीलिङ इस्ट इन्डिया कम्पनीको

हातमा पर्नुभन्दा अगि नै यहाँ नेपालीहरूको आवादी थियो भनेका छन् (क्षत्री, २०३४, पृ. ८६) । भारतमा अङ्ग्रेजी उपनिवेश सुरुभएपछि नेपाली युवाहरू सेनामा भर्ती हुने क्रमसमेत सुरू भयो । दोस्रो विश्वयुद्धपछि ती सेनाहरू भारतका विभिन्न क्षेत्रमा बसोवास गर्न थाले । यिनीहरू भौगोलिक रूपमा भारतीय भए पनि मन, मस्तिष्क, संस्कार, संस्कृति, भाषा, भेष र साहित्य नेपाली नै रहिरह्यो । यी नेपालीहरूले आफ्नो मातृभाषाको माया र ममता चटक्कै बिर्सन सकेनन् भने आफ्नो भूगोलअनुसारको भाषा र संस्कृति पनि अवलम्बन गर्दै रहे । यिनीहरू र यिनीहरूका सन्तानहरूले नेपाली भाषामै पनि बोलचाल, कामकर्म र शिक्षा लिन थाले ।

भारतीय संविधानले पनि नेपाली भाषालाई आठौँ स्थान दिएको छ । भारतककै नेपाली मूलका मानिसहरू बसोवास भएको क्षेत्रमा नेपाली भाषा पनि पठनपाठन हुने व्यवस्था छ । गुहाहाटी विश्वविद्यालयमा दूरशिक्षाअन्तर्गत नेपाली विषयमा स्नातकोत्तर तहको कार्यक्रम पनि सञ्चालन गरिएको छ । यस भूमिका स्रष्टाहरू अरू भाषासँगै आफ्नो मातृभाषा नेपाली भाषामा पनि साहित्य सिर्जना गरिरहेका छन् । कतिपय भारतीय साहित्यकारहरूले आफ्नो कर्मभूमि नेपाल बनाएका छन् भने कतिपय साहित्यकारहरू भारतमै बसेर नेपाली साहित्यको संवर्द्धनमा लागिरहेका छन् । भारतीय क्षेत्रमा नेपाली भाषासाहित्यका विविध गतिविधिहरू सञ्चालन भइरहेका छन् । यस क्षेत्रमा नेपाली भाषामा पत्रपत्रिका पनि प्रकाशन भएका छन् । नेपाली भाषा र साहित्यको चिन्ता र चासो नेपालीवासीजत्तिकै भारतीय नेपालीहरूलाई पनि भएको बुझिन्छ । भारतका विभिन्न क्षेत्रमा नेपाली भाषा र साहित्य फैलिए तापनि प्रस्तुत अनुसन्धानमूलक लेखमा दार्जीलिङ, खर्साङ, कालिपोङ, सिक्किम, आसाम र पत्रपत्रिकाको नेपाली भाषा र साहित्यलाई मात्र अध्ययन गरिएको छ । यस लेखमा नेपाली साहित्यको उत्थान र प्रवर्धनमा दार्जीलिङ, खर्साङ, कालिपोङ, सिक्किम, आसाम, मणिपुर आदि क्षेत्रका भारतीय नेपालीहरूको योगदानको विवरणात्मक, विश्लेषात्मक र तुलनात्मक समीक्षा गरी नेपाली भाषा र साहित्यको विकासका भारतीय नेपालीहरूको भूमिका बारेका अध्ययन गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखमा पुस्तकालयीय अध्ययन कार्यका आधारमा प्राथमिक र द्वितीयक स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ । नेपाली भाषा र भारतीय नेपाली भाषा सम्बन्धी सङ्कलन गरिएका विभिन्न तथ्य/साक्ष्यहरूलाई प्राथमिक स्रोतसामग्रीका रूपमा प्रयोग गरिएको छ । यसरी सङ्कलित तथ्य/साक्ष्यहरूको विश्लेषण र मूल्याङ्कन गरी निष्कर्षमा पुग्नका लागि नेपाली भाषा र भारतीय नेपाली भाषा सम्बन्धी विवेचना र चर्चा गरिएका अभिलेख सामग्रीहरू द्वितीयक स्रोतसामग्रीका रूपमा प्रयोग गरिएको छ । अभिलेख सामग्रीहरूमा सम्बन्धित पुस्तक, पत्रपत्रिका, शोधसामग्रीहरू संलग्न छन् । गुणात्मक अनुसन्धान ढाँचामा आधारित यस लेखमा उपलब्ध अभिलेख सामग्रीहरूबाट तथ्यहरूको सङ्कलन, व्याख्या र विश्लेषण गरी निचोडमा पुगिएको छ । नेपाली भाषा र भारतीय नेपाली भाषा सम्बन्धी सङ्कलन गरिएका विभिन्न तथ्य/साक्ष्यहरूलाई सैद्धान्तिक आधार मानी निगमन विधिबाट विश्लेषण गर्दै अर्थापन गरिएको छ । विवरणात्मक र विश्लेषणात्मक ढङ्गले विषयको समीक्षा गरी निष्कर्षीकरण र सामान्यीकरण गरिएको छ ।

## तथ्य/साक्ष्य

प्रस्तुत लेखमा नेपाली भाषा र भारतीय नेपाली भाषा सम्बन्धी निम्न तथ्य र भारतभूमिमा भएका भारतीय नेपाली भाषा र साहित्यसम्बन्धी निम्न गतिविधि, तथ्य र साक्ष्यलाई विश्लेषणको आधार बनाइएको छ :

१. नेपाली भाषा नेपालको राष्ट्रभाषा हो ।

२. नेपाली भाषा भारतको सरकारी मान्यताप्राप्त भाषा हो ।
३. नेपाली भाषा भुटान, बर्मा तथा नेपालबाहिर रहेका नेपालीहरूको मातृभाषा हो ।
४. भारतका आसाम, मणिपुर, दार्जिलिङ, उत्तर ान्चलको देहरादुन, अलमोडालगायत भारतका अनेकौँ ठाउँका नेपालीहरूको प्रियभाषाका रूपमा नेपाली भाषा रहेको छ ।
५. भारत सरकारले सरकारी भाषासरहको मान्यता दिएर नेपाली भाषालाई अन्तर्राष्ट्रिय मान्यता दिएको छ ।
६. नेपाली भाषा सिक्किम र पश्चिम बङ्गालको र ाज्यभाषा (आधिकारिक भाषा) हो ।
७. दार्जिलिङ र यस आसपासका क्षेत्रमा नेपाली भाषा र भाषीप्रति सम्मान गरिन्छ ।
८. दार्जिलिङमा नेपाली भाषा अनिवार्य पाठ्यक्रममा समावेश भएको छ ।
९. दार्जिलिङमा नेपाली भाषा पनि कामकाजको भाषा हो ।
१०. सिक्किममा नेपाली भाषालाई सिक्किम राज्यको सम्पर्क भाषाका रूपमा मान्यता पाएको छ ।
११. सन् १९७२ मा पश्चिम बङ्गाल राज्यमा दोस्रो सरकारी भाषाको रूपमा नेपाली भाषा स्वीकारि एको थियो ।
१२. सिक्किममा नेपाली भाषालाई अनिवार्य पाठ् यक्रमका रूपमा घोषित गरिएको छ ।
१३. भानुभक्तको सम्मानार्थ दार्जिलिङ्को चौरास्तामा भानुभक्तको शालिक सम्मानसाथ राखिएको छ। भानुजयन्तीका अवसरमा त्यहाँ भव्य कार्यक्रम आयोजना गरिँदै आएको छ ।
१४. सिक्किममा भानुभक्तको ५० फुट अग्लो शालिक बनाउने निर्णय गरिएको छ ।
१५. सिक्किमकी एक बिराङ्गाना नरबहादुर भण्डारीकी श्रीमति दीलकुमारी भण्डारीले भार तको संसदबाट नेपाली भाषालाई भारतको सरकारी लेखपढीको भाषाको रूपमा राख्ने अभियानमा सफलता हासिल गरेकी छन् ।
१६. इ. १९१८ मा कलकत्ता विश्वविद्यालयमा म्याट्रिक, आइए, बिएका कक्षामा भर्नाकुलरका रूपमा नेपाली भाषा पढाउने स्वीकृति प्रदान गरिएको थियो ।
१७. सिक्किस विश्वविद्यालयमा नेपाली भाषामा उच्चशिक्षाको अध्ययन हुने ।
१८. वनारस नेपालीहरूका लागि विद्याको खानीका रूपमा प्रसिद्ध मानिन्छ ।
१९. नेपालीहरू अध्ययनका सिलसिलामा वनारस जाने परम्परा थियो ।
२०. नेपाली भाषाको प्रथम पत्रिका गोरखा भारत जीवन वि.सं. १९४२ मा भारत बनारसबाट प्रकाशित भएको थियो ।
२१. आसाममा दुई, मेघालयमा एक, सिक्किममा एक, उत्तर प्रदेशमा एक र वेस्टबङ्गालमा एक गरी छवटा भारतका कलेजहरूमा स्नातकोत्तर तहमा नेपाली पठनपाठन हुने गरेको ।
२२. पश्चिम बङ्गाल सरकारले दार्जिलिङ पहाडका सम्पूर्ण स्कुलमा बङ्गाल भाषालाई पहिलो कक्षादेखि दसौँ कक्षासम्म अनिवार्य बनाइने घोषणा गरेपछि पश्चिम बङ्गाल सरकारले नेपाली भाषामाथि अतिक्रमण गरेको भन्दै विरोधमा दार्जिलिङका सम्पूर्ण स्कुलहरू जुन १ र २, २०१७ मा बन्दको आह्वान गरिएको थियो । यसैगरी ४ देखि ८ जुनसम्म हरेक दिन विरोधऱ्याली पनि निकालिएको थियो (थाहा खबर : २०७४-२-१९) । यसपछि लामो समयसम्म यहाँ आमहडताल भएको थियो ।
२३. मोहनप्रसाद दाहालले आफ्नो दार्जीलिङका आधुनिक नेपाली उपन्यासका प्रवृत्तिहरूको विश्लेषण तथा मूल्याङकन शीर्षकको विद्यावारि धि शोधप्रबन्धमा दार्जीलिङको नेपाली भाषाको विकास र विस्तार सम्बन्धमा प्रकाश पारेका छन् । उनले भनेका छन् :

दार्जीलिङ पहाडी अञ्चलमा नेपाली साझा भाषा

(लिङ्गुवा फाङ्का) हो र यसै भाषाको माध्यमबाट यहाँ इसाई धर्म, जोसमनी मत र आर्यसमाज आदिका मतादर्शको प्रचारप्रसार कार्य भएको छ तथा यिनै पन्थ एवम् धार्मिक सम्प्रदायहरूसँग सम्बन्धित रहेका नेपाली र अनेपालीहरूले गरेका शिक्षा प्रचार, व्याकरणादि निर्माण एवम् अनुवाद कार्यले यस अञ्चलमा नेपाली भाषाको प्रचारमा उल्लेखनीय सहयोग पुगेको छ अनि लोकपरम्परामा प्रचलित अलिखित लोककाव्य एवम् धार्मिक गीत भजनादिबाट यस अञ्चलमा नेपाली साहित्यको थालनी हुन पुगेको प्रमाणित हुन्छ (दाहाल, इ. १९९५, पृ. १९) ।

## दाजिर्लिङ्, खर्साङ, कालिपोङ र सिक्किमका नेपाली साहित्यकार, तिनका कृतिहरू र योगदान

नेपाल राष्ट्रको पूर्वपट्टि दाजिर्लिङ्, खर्साङ, कालिपोङ, सिक्किम आदि पर्दछन् । यी भूमि नेपाली भाषा र साहित्यको उत्थानका लागि उर्वरभूमि हुन् । यहाँ नेपालीहरूको बाक्लो आवादी छ (राई, इ. १९६६, पृ. ८६) । दार्जीलिङको नेपाली भाषा र साहित्यको संस्थागत सुधार र सङ्कलन एवम् विभिन्न गतिविधि सञ्चालनका लागि इ. १९२४ मा नेपाली साहित्य सम्मेलनको स्थापना गरिएको थियो । पूर्वी नेपालबाट काम र माममा पुगेकाहरू यस क्षेत्रमा स्थायी रूपमा बसोवास गर्दछन् । दार्जिलिङमा इ. १९४५ को कृष्णाष्टमीको दिनमा बृहत् रूपमा भानुभक्तको जन्मजयन्ती मनाइ भानुभक्त पाठशाला स्थापना गरिएको थियो (शाक्यवंश, २०७३, पृ. २७) । यस पाठशालामा नेपाली माध्यमबाट शिक्षा दिने व्यवस्था थियो । दार्जिलिङ र कालिपोङमा भानुजयन्तीका अवसरमा सरकारी कार्यालय विदा दिने गरिन्थ्यो । दार्जिलिङमा भानुभक्तको नामबाट भानुग्राम, भानुसरणी (दार्जिलिङ चौरस्ता) नामकरण र भानुभक्तको पूर्णकदको सालिक निर्माण गरिएको छ । कलकत्ता विश्वविद्यालयले म्याट्रिक, आइए र बिएको परीक्षा नेपाली भाषामा दिन पाउने व्यवस्था इ. १९१८ मा गरेको थियो (प्रधान, इ. १९७८, पृ. २२) । बङ्गाल सरकारले पनि इ. १९३५ मा नेपाली विषय पढाउने स्वीकृति दिएको थियो । दाजिर्लिङ्, खर्साङ, कालिपोङ र सिक्किमका भारतीय नेपालीहरू नेपाली साहित्य सिर्जना गर्ने गर्दछन् । यिनीहरूमध्ये कोही भारतीय भूमिमै रहेर तथा कोही नेपाली भूमिमा आएर साहित्य सिर्जना गरेको पाइन्छ । यीमध्ये केही प्रमुख साहित्यकार र तिनका कृतिहरूको विवरणात्मक र विश्लेषणात्मक समीक्षा तल गरिएको छ :

### सूर्यविक्रम ज्ञवाली

नेपाली भाषा र साहित्यको श्रीवृद्धिमा सूर्यविक्रम ज्ञवालीको योगदान अविस्मरणीय छ । यिनी नेपाली साहित्यका तीन महानहस्ती सूधपामध्ये एक हुन् । यिनी दार्जीलिङको नेपाली साहित्य सम्मेलनका संस्थापक पनि हुन् । यिनको सम्पादकत्वमा दार्जिलिङबाट ‘कथाकुसुम’ (वि.स.१९९५) कथासङ्ग्रह प्रकाशित भएको थियो । यो पहिलो नेपाली कथासङ्ग्रह हो । यस कथासङ्ग्रहमा दार्जिलिङका नेपाली कथाकार र नेपाली कथाकारका कथाहरू सङ्ग्रहित छन् । यो पुस्तक इ. १९६० तिर सिक्किममा माध्यमिक पाठ्यक्रममा राखिएको थियो (शाक्यवंश, २०७३, पृ. ३१) । ज्ञवालीकै सम्पादकत्वमा इ. १९४० मा ‘भानु स्मारक ग्रन्थ’ प्रकाशित भएको थियो । यसमा भानुभक्तका कृतिहरू र उनको योगदानको चर्चा गरि एको थियो । ज्ञवालीका ‘नेपाली वीरहरू’, ‘नेपाली भाषाको इतिहास’, ‘पृथ्वीनारायण शाह’, ‘द्रव्य शाह’, ‘राम शाह’, ‘वीरबलभद्र’, ‘अमरसिंह थापा’ जस्ता अमूल्य रत्नहरू नेपाली साहित्यका लागि पस्केका छन् । यसैगरी दार्जिलिङबाट प्रकाशित विभिन्न पुस्तक तथा पत्रिकाका भूमिकाहरू, समालोचनाहरू पनि प्रकाशित छन् । यिनी भारतीय नेपाली भएर पनि नेपाली भाषा र साहित्यको संवर्द्धन र सिर्जनामा उत्कृष्ट योगदान दिएकाले नेपाल प्रज्ञा-प्रतिष्ठानको सदस्य र कुलपतिसमेत बनेका थिए । ज्ञवालीका प्रकाशित नेपाली साहित्यिक ग्रन्थहरू निम्न छन् :

१. भानुभक्तको जीवनचरित्र (इ. १९२७)
२. द्रव्यशाह (इ. १९३३)
३. नेपाली भाषा विकासको सङ्क्षिप्त इतिहास (इ.

१९३३)
४. भानुभक्तको रामायण (इ. १९३३, सम्पादन)
५. रामशाह (इ. १९३३)
६. पृथ्वीनारायण शाह (इ. १९३५)
७. भानुभक्त स्मारक ग्रन्थ (इ. १९४०, सम्पादन)
८. वीरबलभद्र (इ. १९४०)
९. अमरसिंह थापा (इ. १९४३)
१०. नेपाली वीरहरू (इ. १९४९)
११. डाकघर (इ. १९५९, अनुवाद)
१२. परिघर्तीको पुरुषार्थ (इ. १९६१) ।

## धरणिधर कोइराला

धरणीधर कोइराला नेपालमा जन्मेका, भार तीयभूमि विशेषतः बनारसमा शिक्षादीक्षा लिएका, दार्जीलिङलाई कर्मभूमि बनाएका साहित्यकार हुन् । यिनी नेपाली साहित्यका तीन महानहस्ती सूधपामध्ये एक हुन् । वि.सं. १९४९ मा जनकपुर अञ्चलको सिन्धुली जिल्लाको दुम्जा गाउँमा यिनको जन्म भएको हो । बिए, बिटीसम्मको योग्यता भएका कोइराला आधुनिक नेपाली कविताको परिष्कार वादी काव्यधारामा देखापरेका कवि हुन् । यिनका कवितामा जागरको आवाज उठाएका छन् । समाजसुधार यिनका कविताको मूल केन्द्र रहेको बुझिन्छ । यिनका कवितामा नैतिक र आध्यात्मिक चेतना पनि पाइन्छ । यिनको देहावसान वि.सं. २०३६ मा काठमाडौँमा भएको हो । कोइरालाका प्रकाशित नेपाली साहित्यिक ग्रन्थहरू निम्न छन् :
१. नैवेद्य (कवितासङ्ग्रह, वि.सं. १९७७)
२. स्पन्दन (कवितासङ्ग्रह, वि.सं. २००४) ।

पारसमणि प्रधान

पारसमणि प्रधान प्रवासी नेपाली साहित्यका तीन महानहस्ती सूधपामध्ये एक हुन् । इ. १९६८ मा कालेबुङमा जन्मेका यिनी नेपाली पाठ्यपुस्तकका लेखक पनि हुन् । यिनका पाठ्यपुस्तकहरू सिक्किमका विद्यालयहरूमा पनि पढाइ हुन्थे । यिनी चन्द्रिका (इ. १९१८) र भारती (इ. १९४९) पत्रिकाका सम्पादक पनि हुन् । नेपाली भाषा र साहित्यको संवृद्धिमा यिनको योगदान अविस्मरणीय रहेको छ । प्रधानका प्रकाशित नेपाली साहित्यिक ग्रन्थहरू निम्न छन् :
१. हिरण्यमयी चरित्र (उपन्यास, इ. १९१५)
२. राधारानी (अनुवाद, उपन्यास, इ. १९१६ तिर)
३. नेपाली व्याकरण (इ. १९२०)
४. सुन्दर कुमार (नाटक, इ. १९२०)
५. नेपाली साहित्य भाग १-६ (इ. १९२४)
६. बुद्धचरित्र (नाटक, इ. १९२५)
७. नेपाली साहित्य भाग १-४ (इ. १९३४)
८. बटुलबाटुल (इ. १९५७)
९. टिपनटापन (इ. १९६१)
१०. पाँच पौरखी पुरुष (इ. १९६९)
११. रोचक संस्मरण (इ. १९६९)
१२. नेपाली साहित्यको साउँ अक्षर (इ. १९६९)
१३. अङ्ग्रेजी नेपाली कोश (इ. १९७०)
१४. क्वाँटी (इ. १९७१)
१५. साढे सातको कथा (इ. १९७१)
१६. नेपाली अङ्ग्रेजी कोश (इ. १९७१) ।

## रूपनारायण सिंह

रूपनारायण सिंह भारतीय नेपाली उपन्यासकार हुन् । यिनको जन्म वि.सं. १९६१ मा खर्साङमा भएको हो । यिनले कलकत्ता विश्वविद्यालयबाट कला र कानुनमा स्नातक गरेका छन् । यिनको 'भ्रमर' (वि.सं. १९९३) उपन्यास भारतबाट प्रकाशित पहिलो उपन्यास र नेपाली साहित्यको दोस्रो उपन्यास हो । यस उपन्यासका दार्जिलिङ आसपासको जनजीवनलाई चित्रण गरिएको छ । यो स्वच्छन्दतावादी भावधाराको उपन्यास हो । यसमा स्वच्छन्द जीवनका स्वच्छन्द जीवनचर्याहरू प्रस्तुत गरिएका छन् । सिंहका प्रकाशित नेपाली साहित्यिक ग्रन्थहरू निम्न छन् :
१. भ्रमण (उपन्यास, वि.सं. १९९३)
२. कथा नवरत्न (इ. १९५०)
३. बिजुली (वि.सं. २००६, अपूर्ण) ।

## लैनसिंह बाङ्देल

लैनसिंह बाङ्देल (वि.सं. १९८०-२०५९) दार्जीलिङमा जन्मेका प्रवासी नेपाली साहित्यकार हुन् । यिनी बहुमुखी प्रतिभा सम्पन्न व्यक्ति हुन । यिनले नेपाली साहित्यका उपन्यास, समालोचना, निबन्ध र कथाका साथै कलाका क्षेत्रमा पनि कलम चलाएका छन् । यिनको पुख्यौँलीथलो खोटाङ जिल्लाको र ावा खोलाको बाङ्देल गाउँ हो । यिनले आफ्नो पुख्यौँलीथलोलाई मनपराई स्मरणका रूपमा राख्दै आफ्नो नाममा बाङ्देल राखेको बुझिन्छ । यिनका बाजे यस थलोबाट बसाईंसरी दार्जिलिङ गएका थिए । यिनी यही दार्जिलिङमै बुबा रङ्गलाल र आमा चन्द्रदेवी राईको कोखबाट तकभर चियाकमानमा जन्मिएका थिए । यिनले प्रारम्भिक शिक्षा यही दार्जिलिङबाटै लिएका थिए । यिनी उच्चशिक्षाका लागि कलकत्ता गएका थिए । यही कलकत्ताबाट यिनले स्नातकसम्मको औपचारिक शिक्षा लिएका थिए । पछि फ्रान्समा गई कला र साहिन्यसम्बन्धी ज्ञान हासिल गरेका थिए । यिनी विश्वका किभिन्न मुलुक पुगेका छन् । त्यहाँबाट यिनले कलामा विश्वसाहित्य सम्बन्धी प्रशस्त ज्ञान हासिल गरेका थिए । यिनी ३७ वर्षका भएपछि २०१७ साल चै त्र ५ गते नेपाल आएका थिए । यिनी तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका सुरुमा सदस्य, पछि उपकुपति र कुलपतिसम्म बनेका थिए ।

लैनसिंह बाङ्देलका उपन्यासका स्रोत भारतीय नेपाली समाज र ऐतिहासिक विषयवस्तु रहेका छन् । नेपालीहरूको दु:खद कारुणिक कथाव्यथा नै बाङ्देलका उपन्यासका स्रोत र विषय हुन् । यिनका उपन्यासमा पूर्वीपहाडी भूभागका नेपालीहरू काम र दामको कठिनाईले दार्जिलिङ र सो असपासको भूमिका गएका तर त्यहाँ पुगेर दु:ख पाएका देखाइएको छ । यिनले दीन, दुखी, गरिब समाजको यथार्थङ्कन गरेका छन् । यिनले आफ्ना उपन्यासमा दुखैदु:खको संसार देखाउने प्रयास गरेका छन् । यिनी 'मुलुकबाहिर' उपन्यासमार्फत निम्नमध्यम एवम् निम्नवर्गीय पात्रद्वारा सामाजिक यथार्थवादी उपन्यासकारका रूपमा देखापरेका छन् । यस उपन्यासमा पूर्वीपहाडी भूभागका नेपालीहरू दार्जिलिङ, कालिपोङ, खर्साङ, सिक्किम गई दु:ख पाएको अवस्थाको चित्रण गरिएको छ । आफ्नो गाउँठाउँमा जीवनधान्ने समस्याबाट आजित भएका नेपालीहरू भारतीय भूमिमा बिताएको कष्टप्रद तथा दु:खान्तस्थितिको अभिलेख मुलुकबाहिर उपन्यास हो (बराल र एटम, २०५८, पृ. १८५) । माइतघर उपन्यासमा हरि र सानीले एकअर्कालाई मनपराए पनि सामाजिक बन्धनले गर्दा विवाह हुन नसकेको र जीवन पीडादायी र दु:खदायी बनेको मानिसको प्राकृतिक इच्छालाई सामाजिक बन्धनले व्यवधान गरेको यथार्थता प्रस्तुत गरिएको छ । 'लङ्गडाको साथी' उपन्यासमा मानवले मानवप्रति मानवीय व्यवहार नगरेकोले लङ्गडोले कुकुरलाई आफ्नो साथी बनाएको मार्मिक कथा प्रस्तुत गरि एको छ । यस उपन्यासमा वर्तमानमा सद्दे मानवमा केवल लङ्गडो मानवता देखिन्छ भने लङ्गडोमा पूर्ण मानवता देखिन्छ भन्ने विषयवस्तु प्रस्तुत गरेको छ । यिनका अघिल्ला तीन उपन्यासमा भारतीय नेपालीको मार्मिक र हृदयविदारक कथाव्यथा प्रस्तुत छ भने पछिल्लो उपन्यास 'रेम्ब्रान्ट'मा हल्यान्डका महान चित्रकार रेम्ब्रान्टको द:ुखमय जीवनको कारुणिक अभिव्यक्ति प्रस्तुत छ । जे होस् यिनी मानवीय कारुणिक जीवनकहानी प्रस्तुत गर्ने उपन्न्यासकार हुन् । सिंहका प्रकाशित ग्रन्थहरू निम्न छन् :

१. मुलुकबाहिर (उपन्यास, वि.सं. २००४)
२. विश्वकथा सङ्ग्रह (अनूदित कथा, वि.सं. २००४)
३. साहित्यमा यथार्थवाद (समालोचना, वि.सं. २००५)
४. माइतघर (उपन्यास, वि.सं. २००७)
५. लङ्गडाको साथी (उपन्यास, वि.सं. २००८)
६. युरोपको चिठी (यात्रा संस्मरण, वि.सं. २०१४)
७. स्पेनको सझना (यात्रा संस्मरण, वि.सं. २०२०)
८. रोमको एउटा फूल र प्यारिसको एउटा काँडा (यात्रा संस्मरण)
९. विश्वका छ महान कलाकार (जीवनी, वि.सं. २०२२)

१०. रेम्ब्रान्ट (जीवनीमूलक उपन्यास, वि.सं. २०२४)
११. प्राचीन नेपाली चित्रकला (कला र संस्कृति, वि.सं. २०३४)
१२. नेपाली प्रस्तर कलाको इतिहास (कला र संस्कृति, वि.सं. २०३५)
१३. नेपाली मूर्तिकलाको इतिहास (कला र संस्कृति, वि.सं. २०३९)
१४. Early sculptures of Nepal (2039)
१५. Twenty five thousand years of Nepalese Art (2044)
१६. Stolen Image of Nepal 92048)
१७. Inventry of Nepalese stone sculptures Kathmandu valley (2052) ।

### इन्द्रबहादुर राई

इन्द्रबहादुर राईको जन्म वि.सं. १९८५ मा दार्जीलिङको बालासन बगरमा भएको हो । यिनी भारतीय नेपाली साहित्यकार हुन् । यिनले अङ्ग्रेजीमा एमए र कानुनमा बिएल गरी प्राध्यापन पेसामा लागेका छन् । नेपाली गद्य साहित्य (कथा, उपन्यास, निबन्ध र समालोचना) मा यिनको रुचि देखिन्छ । यिनको पहिलो नेपाली कथा 'रातभरि हुरी चल्यो' (२०१६) हो । यिनी सामाजिक चेतनाको सूक्ष्म विश्लेषण गरी चरित्रप्रधान कथा लेख्ने कथाकार हुन्। निम्नवर्गीय समाजका पीडा र बाध्यतालाई यिनले आफ्नो कथाको विषय बनाएका छन् । कथ्य र शैलीमा नवीनता प्रस्तुत गर्दै घनत्व, सम्पूर्णता, वस्तुता, आदिमता र चित्रभाषाद्वारा यिनले आयामेली लेखन परम्परालाई पनि अगि बढाएका छन् । यसैगरी मानव जीवनका आदिम सत्यलाई भ्रमपूर्ण लीलाका रूपमा प्रस्तुत गर्दै लीलालेखन परम्परा चलाएका छन् । यिनका साहित्यिक र चनामा दार्जीलिङ र यस आसपासको सामाजिक र सांस्कृतिक विषयलाई आधार बीज बनाएका छन् । यिनको चर्चित 'आज रमिता छ' उपन्यास नेपालबाट नेपालीहरू रमिता देखाउन दार्जीलिङ र यसको आसपास गएका र दार्जीलिङ रमिता भएर देखिइरहेछ भन्ने विसङगतिवादी जीवनदृष्टि प्रस्तुत भएको छ (सुवेदी, २०५३, पृ. २०७) । बहुमुखी प्रतिभासम्पन्न यिनीका प्रत्येक साहित्यिक रचना नवीन प्रकारका छन् । राईका प्रकाशित नेपाली साहित्यिक ग्रन्थहरू निम्न छन् :

१. विपना कतिपय (कथा सङ्ग्रह, वि.सं. २०१८)
२. आज रमिता छ (उपन्यास, वि.सं. २०२१)
३. कथास्था (कथा सङ्ग्रह, इ. १९७२)
४. कठपुतलीको मन (कथा सङ्ग्रह, इ. १९८९)
५. सेतो ख्याकको बनोट र बुनोट (समालोचना, वि.सं. २०६३)
६. टिपेका टिप्पणीहरू (समालोचना सङ्ग्रह, इ. १९६६)
७. नेपाली उपन्यासका आधारहरू (समालोचना सङ्ग्रह, इ. १९७६)
८. साहित्यको अपहरण : मार्क्सवादी प्रतिबद्धता (समालोचना, इ. १९८३)
९. दार्जिलिङमा नेपाली नाटकको अर्धशताब्दी (इ. १९८४)
१०. पहाड र खोला (निबन्ध सङ्ग्रह, इ. १९९३)
११. अर्थहरूको पछिल्तिर (समालोचना, इ. १९९४)
१२. पृष्ठ पृष्ठ (समालोचना, इ. १९९५)
१३. लेखहरू र स्याल (निबन्ध सङ्ग्रह, इ. २०००)
१४. लीला प्रस्तावना (समालोचना, वि.सं. २०५९)

### अगमसिंह गिरी

अगमसिंह गिरिको जन्म वि.सं. १९८५ मा भारतको दार्जीलिङमा भएको हो । यिनले प्रवेशिकासम्मको अध्ययन गरेका थिए। यिनी नेपाली कविता इतिहासका स्वच्छन्दतावादी काव्यधाराका कवि हुन् । मान्छेका चोट र पीडा यिनका कवितामा व्यक्त भएका छन् । यिनी नेपाल राष्ट्र, नेपाली धरती, नेपाली जाति, नेपाली संस्कृतिप्रति माया, अनुराग र श्रद्धा राख्ने कवि हुन् । यिनी कवितामा एक देशभक्त कविका रूपमा देखापरेका छन् । यिनको देहावसान वि.सं. २०२७ मा भारतका दार्जीलिङमा भएको थियो । गिरिका प्रकाशित नेपाली साहित्यिक ग्रन्थहरू निम्न छन् :

१. याद (खण्डकाव्य, इ. १९५५)

२. आत्मव्यथा (कविता सङ्ग्रह, इ. १९५९)
३. जीवनगीत (कविता सङ्ग्रह, इ. १९६०)
४. आँसु (खण्डकाव्य, इ. १९६८)
५. युद्ध र योद्धा (खण्डकाव्य, इ. १९७०)
६. जलेको प्रतिबिम्ब रोएको प्रतिध्वनि (कविता सङ्ग्रह, इ. १९७८) ।

## पारिजात

जन्म भारत र कर्मभूमि नेपाल भएकी पारिजातको जन्म वि.सं. १९९४ भदौ महिनामा दार्जीलिङको लिगिया चियाबगानमा भएको हो । यिनको न्वारको नाम विष्णुदेवी वाइबा हो । यिनले बिए गरी स्नातकोत्तरसम्मको अध्ययन गरेकी छन् । 'मैले नजन्माएको छोरो (२०२१) यिनको पहिलो प्रकाशित कथा हो । यिनको देहावसान वि.सं. २०५० वैशाख ५ गते भएको हो । यिनी प्रगतिवादी साहित्यकार हुन् । यौनकुण्ठा, नारीमानसिकता, नारी समस्या, नैराश्यता यिनका रचनामा पाइन्छन् । बौद्धिकता, शैलीगत विविधता, भावगत अनेकता यिनका रचनाका विशेषता हुन्। यिनी विसङगतिवादी अस्तित्ववादी, सामाजिक यथार्थवादी, प्रगतिवादी तथा आलोचनात्मक यथार्थवादी उपन्यासकार हुन् (लुइटेल, २०६९, पृ. १७४) । सामाजिक अन्याय र अत्याचार बिरुद्ध यिनले आवाज उठाएकी छन् । पारिजातका प्रकाशित साहित्यिक ग्रन्थहरू निम्न छन् :

१. शिरीषको फूल (उपन्यास, वि.सं. २०२२)
२. आधी आकाश (उपन्यास, वि.सं. २०२२)
३. आदिम देश (कथासङ्ग्रह, २०२५)
४. महत्ताहीन (उपन्यास, वि.सं. २०२५)
५. बैंसको मान्छे (उपन्यास, वि.सं. २०२९)
६. सडक र प्रतिभा (कथासङ्ग्रह, २०३२)
७. उसले राजेको बाटो (उपन्यास, वि.सं. २०३३)
८. तोरीबारी बाटा र सपना (उपन्यास, वि.सं. २०३३)
९. अर्न्तमुखी (उपन्यास, वि.सं. २०३५)
१०. पर्खालभित्र र बाहिर (उपन्यास, वि.सं. २०३५)
११. अनिँदो पहाडसँगै (उपन्यास, वि.सं. २०३९)
१२. साल्गीको बलात्कृत आँसु (कथासङ्ग्रह, २०४३)
१३. परिभाषित आँखा (उपन्यास, वि.सं. २०४६)
१४. बोनी (उपन्यास, वि.सं. २०४८)
१५. बधशाला जाँदा आउँदा ((कथासङ्ग्रह, २०४९)
१६. बैशालु वर्तमान (कवितासङ्ग्रह)
१७. आकाङ्क्षा (कवितासङ्ग्रह) ।

## रामकृष्ण शर्मा

रामकृष्ण शर्मा (१९७८-२०४३) बर्माको मचिना सहरमा जन्मेका, दार्जीलिङको कालिम्पोङमा स्थायी बसोवास गर्ने प्रखर नेपाली साहित्यकार हुन् । अङ्ग्रेजी साहित्यमा एमए र कानुनमा स्नातक गरेका यिनी पश्चिम बङ्गाल उच्च न्यायालयको न्यायाधीश थिए । यिनले कविता, निबन्ध र समालोचना क्षेत्रमा कलम चलाएका भए पनि समालोचककै रूपमा उनी परिचित छन् । यिनी गोर्खाली पत्रिकाका सम्पादक पनि थिए । यिनको पहिलो समालोचना १९९९ को शारदामा प्रकाशित अङ्ग्रेजी साहित्यको प्रभाव शीर्षकको थियो । यिनको सूक्तिसिन्धु सम्बन्धमा गरिएको समालोचना निकै प्रसिद्ध समालोचना हो । यिनी निर्णयात्मक समालोचक हुन् । शर्माका प्रकाशित समालोचनाहरू निम्न छन :

१. सप्तशारदीय (समालोचना सङ्ग्रह, वि.सं. २०२४)
२. दशगोर्खा (समालोचना सङ्ग्रह, वि.सं. २०२६)
३. टेबलगफ नौ बैठक (समालोचना सङ्ग्रह, वि.सं. २०२७)

## अच्छा राई रसिक

अच्छा राई रसिक दार्जीलिङको पर्यावरणमा हुर्किएका साहित्यकार हुन् । बहुमुखी प्रतिभासम्पन्न राई नेपाली कथा, उपन्यास, कविता, निबन्ध र समसमायिक राजनीतिसँग सम्बद्ध लेखका सर्जक हुन् । यिनी आलोचनात्मक यथार्थवादी उपन्यासकार हुन् । सरल र सुबोध भाषिक विन्यासमा संरचित यिनका उपन्यास दार्जीलिङे नेपाली जनजीवनको चित्रण गरिएको पाइन्छ (लुइटेल, २०६९, पृ. १३१) । दार्जीलिङे

नेपालीहरूका वियोग र प्रताडनाका समस्यालाई यिनले आफ्ना रचनाका विषय बनाएका छन् । राईका प्रकाशित साहित्यिक ग्रन्थहरू निम्न छन् :

१. सप्तकोशी (कथा र निबन्ध सङ्ग्रह, वि.सं. २०११)
२. लगन (उपन्यास, वि.सं. २०१२)
३. दोभान (उपन्यास, वि.सं. २०२१)
४. रसिक रचनावली
५. घरज्वाइ (अपूर्ण उपन्यास) ।

उपर्युक्त साहित्यकारभन्दा बाहेकका अन्य साहित्यकार हरूले पनि नेपाली भाषा र साहित्यको संवृद्धिमा अमूल्य भूमिका निर्वाह गरेका छन् । यिनीहरूमा प्रतापचन्द्र प्रधान, डिल्लीराम तिमसिना, शिवकुमार राई, गम्भीर राई, इन्द्र सुन्दास, भक्तवीर थापा, रामचन्द्र गिरी, तारामान गुरुङ, महानन्द सापकोटा, रश्मिप्रसाद आले, मणिसिंह गुरुङ, प्रतिमानसिंह लामा, धर्मरत्न बौद्ध, कृष्णसिंह मोक्ताङ, नार दकुमार छेत्री, श्रीप्रसाद शर्मा खरेल, नरबहादुर दाहाल, नन्द हाङ्गाखिम, प्रकाश कोविद आदि प्रमुख छन् । यिनीहरूले नेपाली भाषा र साहित्यको भण्डार मा आफ्ना अमूल्य रत्नहरू पस्केका छन् भने नेपाली भाषाको श्रीवृद्धिमा अतुलनीय योगदान दिएका छन् ।

## असमेली नेपाली साहित्यकार, तिनका कृतिहरू र योगदान

प्राचीन सिलाङ राजधानी भएको वर्तमान मेघालय, त्रिपुरा, अरुणाचल, मिजोरम, मणिपुर, नागल्याण्ड र असम गरी सात राज्यको विशाल क्षेत्रलाई असम भनिन्छ । यसलाई आसाम पनि भनिन्छ । यो क्षेत्र उत्तरपूर्वी भारतमा पर्दछ । यहाँका भार तीय तर नेपालीमूलका साहित्यकारलाई असमेली नेपाली साहित्यकार भनिन्छ । यही क्षेत्रमा रचित तथा यो क्षेत्रका भारतीय नेपालीहरूले सिर्जना गरेको साहित्यलाई असमेली नेपाली साहित्य भनिन्छ । यस क्षेत्रमा जातीय अस्मिताको निम्ति सामाजिक र साहित्यिक क्रियाकलापहरू सञ्चालन गर्न तथा नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण र संवर्द्धनको उद्देश्यका साथ इ. १९७४ मा नेपाली साहित्य परिषद् स्थापना गरिएको थियो । यहाँको लिखित नेपाली साहित्यको इतिहास खोज्दै जाँदा इ. १८९३ तिर मणिपुर तुलाचन आलेद्वारा लेखिएको मणिपुरको लडाइँको सवाई र इ. १८९५ को घनवीर भण्डारीको अब्बर पहाडको सवाई पहिलो लिखित साहित्य मानिन्छ (क्षत्री, इ. २०००, पृ. २) । इ. १९२६ मा हरिनारायणका केही गीतहरू गोर्खा संसार पत्रिकामा छापिएका थिए । पुष्पलाल उपाध्यायका पुष्पाञ्जली इ. १९६८) र उषामञ्जरी (इ. १९८७) कविता सङ्ग्रह प्रकाशित छन् । यीमध्ये केही प्रमुख असमेली साहित्यकार र तिनका कृतिहरूको विवरणात्मक र विश्लेषणात्मक समीक्षा तल गरिएको छ :

### लीलबहादुर क्षेत्री

असमेली नेपाली साहित्यकारहरूमध्ये लीलबहादुर क्षेत्री एक हुन् । यिनको जन्म वि.सं. १९८९ मा आसामको गुहाटीमा भएको हो । यिनले अर्थशास्त्रमा एमए गरी गुहाटी विश्वविद्यालयमा प्राध्यापन गर्दै आएका छन् । यिनको पहिलो प्रकाशित कृति 'बसाईं' उपन्यास हो। यिनले आफ्ना रचनामा ग्रामीण जनजीवनको चित्रण गरेका छन् । खासगरी शोषणको भण्डाफोर यिनका कृतिमा पाइन्छ । क्षेत्रीले अन्याय र शोषणका कारण बसाइँ सर्न बाध्य ग्रामीण जीवनका समस्यालाई मूल विषय बनाएका छन् । "अतृप्त उपन्यासमा सामाजिक बन्धनका कारण अतृप्त यौनाकाङ्क्षाबाट उत्पन्न कुण्ठाले असन्तुलित मानवीय प्रवृत्ति प्रस्तुत गरिएको छ" (लुइटेल, २०७०, पृ. ७२)। ब्रह्मपुत्रको छेउछाउ उपन्यासमा ब्रह्मपुत्र नदीको किनारमा बसोवास गर्ने नेपालीहरूको सामाजिक समस्यालाई प्रस्तुत गरिएको छ । निम्नवर्गीय समाजका शोषण उत्पीडन, पीडा प्रस्तुत गर्ने क्षेत्री मानवतावादी सामाजिक यथार्थवादी भारतीय नेपाली साहित्यकार हुन् । नेपाली साहित्यमा भारतीय फाँटलाई नेतृत्व प्रदान गर्ने जीवन्त स्रष्टा लीलबहादुर क्षेत्री हुन् (सुवेदी, २०५३, पृ. ९४) ।

नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक आदि पक्षको जीवन्त चित्रण यिनका कृतिमा भएको पाइन्छ । बहुमुखी प्रतिभासम्पन्न यिनी मूलतः उपन्यासकार र कथाकार हुन् । क्षेत्रीका प्रकाशित साहित्यिक कृतिहरू निम्न छन् :

१. बसाइँ (उपन्यास, इ. १९५७)
२. अतृप्त (उपन्यास, इ. १९६८)
३. ब्रह्मपुत्रको छेउछाउ (उपन्यास, इ. १९८६)
४. प्रतिध्वनिहरू विस्मृतिका (उपन्यास, इ.२००४)
५. तीन दशक : बीस अभिव्यक्ति (कथासङ्ग्रह, इ. १९८३)
६. लीलाबहादुर क्षेत्रीका कथाहरू (कथासङ्ग्रह, इ. १९९७) ।

### के बी नेपाली

असमेली नेपाली साहित्यकारहरूमध्ये के बी नेपाली (इ. १९३९) पनि एक हुन् । यिनका आख्यानात्मक रचनाहरू सामाजिक विषयवस्तुको सेरोफेरोमा र चिएका छन् । यिनी समाजका तल्लो वर्गका सामाजिक समस्यालाई आफ्ना रचनाको विषय बनाएका छन् । मेरो घर मेरो संसार उपन्यास सामाजिक विषयवस्तुमा आधारित ग्रामीण जीवनमा व्याप्त शोषणलाई देखाइएको छ । शोषणका कारण प्राणभन्दा प्यारो जन्भूमि छाड्नुपरेको नेपाली जनजीवनलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ (लुइटेल, २०७०, पृ. ७३) । समर्पण उपन्यासमा युद्धलाई मूल विषय बनाइएको छ । यस उपन्यासमा गोर्खासैनिकको इमान्दारी, साहस र वीरताको वर्णन गरिएको छ । तस्वीर एक रातको उपन्यासमा वर्गसङ्घर्षलाई प्रमुख विषय बनाइएको छ । शोषक र शोषितबीचको वैचारिक द्वन्द्वलाई यस उपन्यासमा प्रस्तुत गएिको छ । समाजमा व्यप्त असमानता, शोषण, दमनका विषमा आवाज उठाउँदै समतामूलक समाजको स्थापना उपन्यासले अपेक्षा गरिएको छ । नेपालीका प्रकाशित साहित्यिक कृतिहरू निम्न छन् :

१. मेरो घर मेरो संसार (उपन्यास, इ. १९६५)
२. समर्पण (उपन्यास, इ. १९६६)
३. तस्वीर एक रातको (उपन्यास, इ. १९७३)
४. म खुनी हुँ (उपन्यास, इ. १९९२)
५. कल्पना (कथासङ्ग्रह, इ. १९७०) ।

### अर्जुन निरौला

असमेली नेपाली साहित्यकारहरूमध्ये अर्जुन निरौला (इ. १९४६-२००१) पनि एक हुन् । यिनको जन्म इ. १९४६ मा मेघालयमा भएको हो । यिनको साहित्य यात्रा इ. १९६४ मा सिलाङको सेन्ट एडमन्ड कलेजको मुखपत्रमा प्रकाशित ‘कामिनी म यति नै चाहन्छु’ कथाबाट भएको हो । यिनी मूलतः आख्यानकार हुन् । यिनी सामाजिक यथार्थवादी, मनोवैज्ञानिक र अस्तित्ववादी आख्यानकार हुन् । यिनको शिशिर को बतास उपन्यासमा प्रेमप्रणय प्रस्तुत गरिएको छ । यो यौनमनोवैज्ञानिक उपन्यास हो । असफल प्रेम कहानी र यसले निम्त्याएका दुदर्शाहरू यस उपन्यासमा प्रस्तुत गरिएका छन् । घाम डुबेपछि उपन्यासमा विवाहिता युवती र अविवाहित युवक बिचको प्रेम र कामवासनाका कारण उत्पन्न पारिवारिक एवम् मानसिक समस्या प्रस्तुत गरिएको छ (लुइटेल, २०७०, पृ. ७३) । यिनी यौनमनोवैज्ञानिक उपन्यासकार हुन् । यिनका दुवै उपन्यासमा नारीलाई प्रमुख विषय बनाई नारीप्रधान उपन्यास लेखेका छन् । निरौलाका प्रकाशित साहित्यिक कृतिहरू निम्न छन् :

१. शिशिरको बतास (उपन्यास, इ. १९७२)
२. रात बितेपछि (कथासङ्ग्रह, इ. १९७२)
३. घाम डुबेपछि (उपन्यास, इ. १९७६)
४. साँझसँगसँगै (कथासङ्ग्रह, इ. १९७९) ।

### विक्रमवीर थापा

असमेली नेपाली साहित्यकारहरूमध्ये विक्रमवीर थापा (इ. १९५०) पनि एक हुन् । यिनी प्रयोगवादी साहित्यकार हुन् । यिनका रचनामा विभिन्न नवीन प्रयोगहरू व्यक्त गरिएका छन् । यिनी भारतीय नेपालीहरूका कारुणिक जीवनको चित्रण गर्दछन् ।

यिनी स्वच्छन्दतावादी यथार्थवादी आख्यानकार हुन् । थापाका प्रकाशित साहित्यिक कृतिहरू निम्न छन् :

१. बिगतको परिवेशभित्र (उपन्यास, इ. १९८३)
२. टिष्टादेखि सतलजसम्म (उपन्यास, इ. १९८६)
३. माटो बोल्दो हो (उपन्यास)
४. बिसौँ शताब्दीकी मोनालिसा (कथासङ्ग्रह, इ. १९९७) ।

### माया ठकुरी

माया ठकुरी भारतको मेघालयमा इ. १९४५ मा जन्मिएकी कथाकार हुन् । यिनको शिक्षदीक्षा असममा भएको थियो । यिनले आफ्नो कर्मथलो भने नेपाल बनाएकी छन् । यिनले वि.सं. २०१६ देखि कथा लेख्न थालेकी तथा मेघालयबाट निस्कने आशा पत्रिकामा प्रकाशित बौलाही कथा नै यिनको पहिलो प्रकाशित कथा हो (आचार्य र अन्य, २०४८, पृ. १२२) । यिनका कथा पारिवारिक र सामाजिक परिधिभित्र नै केन्द्रित छन् । यिनी सामाजिक यथार्थवादी कथाकार हुन् । समाजका रोग, भोक, गरिबी, अन्धविश्वास, शोषण यिनका रचनाका क्षेत्र हुन् । यिनका रचनामा आसाम र काठमाडौँको सहरी परिवेश चित्रित छ । मूलतः नारीका समस्याहरू यिनका रचनाका सेरोफेरो रहेका छन् । ठकुरीका प्रकाशित साहित्यिक कृतिहरू निम्न छन् :

१. नजुरेको जोडी (कथा सङ्ग्रह, वि.सं. २०३०)
२. गमलाको फूल (कथा सङ्ग्रह, वि.सं. २०३३)
३. साँघु तरेपछि (कथा सङ्ग्रह, वि.सं. २०३९)
४. चौतारो साक्षी छ (कथा सङ्ग्रह, वि.सं. २०४६)
५. माया ठकुरीका कथाहरू (कथा सङ्ग्रह वि.सं. २०४८)
६. आमा जान्नुहोस् (कथा सङ्ग्रह, वि.सं.२०६४) ।

### हरिभक्त कटुवाल

हरिभक्त कटुवालको जन्म वि.सं. १९९२ मा भारतको असममा भएको हो । यिनले बिए सम्मको अध्ययन गरेका छन् । यिनी मूलतः कवि हुन् । यिनी भारतको आसामबाट स्वच्छन्दतावादी प्रगतिवादी कविता धाराको विकास गर्दै काठमाडौँको बसाईंका क्रमबाट समसामयिक कविता धाराका एक सशक्त कविका रूपमा परिचित हुन पुगे । निराशा, निःसार र विसङ्गत जीवनभोगाइ यिनका कविताका क्षेत्रगत आयाम हुन् । शिल्पगत सचेचता, बिम्ब र प्रतीकको प्रयोग आन्तरिक लयात्मक सन्तुलन यिनका कवितागत विशेषता हुन् । यिनको देहावसान वि.सं. २०३७ सालमा भारतको असममा भएको हो । कटुवालका प्रकाशित साहित्यिक कृतिहरू निम्न छन् :

१. सम्झना (गीतसङ्ग्रह, वि.सं. २०१८)
२. भित्री मान्छे बोल्न खोज्छ (कवितासङ्ग्रह, वि.सं. २०२०)
३. सुधा (खण्डकाव्य, वि.सं. २०२१)
४. यो जिन्दगी खै के जिन्दगी (कवितासङ्ग्रह, वि.सं. २०२९)
५. बदनाम मेरा यी आँखाहरू (कवितासङ्ग्रह, वि.सं. २०४४) ।

### नयादेवी

असमेली नेपाली साहित्यकारहरूमध्ये नयादेवी (इ. १९४२) पनि एक हुन् । यिनले असमेली नेपाली समाजको सामाजिक र आर्थिक चित्र आफ्ना रचनामा उतारेकी छन् । यिनी नारीवादी लेखक हुन् । नारीका विभिद समस्या प्रस्तुत गर्दै निराशावादी जीवनदृष्टि प्रस्तुत गरेकी छन् । यिनका साहित्यिक रचनाहरूमा असमेली ग्रामीण परिवेशको चित्रण छ । निम्नमध्यम वर्गीय पारिवारिक कलह र यसले निम्त्याएको समस्या मूल रूपमा यिनका साहित्यिक रचनामा चित्रण गरि एको पाइन्छ । नयादेवीका प्रकाशित साहित्यिक कृतिहरू निम्न छन् :

१. युग सन्धि (उपन्यास, इ. २००२)
२. कौशल्या (उपन्यास, इ. २००६)
३. कथामञ्जरी (कथासङ्ग्रह, इ. २०११) ।

### लोकनाथ उपाध्याय चापागाईं

असमेली नेपाली साहित्यकारहरूमध्ये लोकनाथ उपाध्याय चापागाईं (वि.सं. १९९६) पनि एक हुन् । यिनी सामाजिक यथार्थवादी साहित्यकार हुन् । यिनका साहित्यिक रचनामा असमेली नेपाली समाजको चित्रण पाइन्छ । यिनको आँधी उपन्यासमा असामेली नेपाली समाजको वास्तविक जीवनको उद्घाटन गरिएको पाइन्छ । असमेली नेपाली समाजमा व्यप्त विकृति, विसङ्गति, नैराश्यता, बेमेल, यौनाचार, षड्यन्त्र, अनमेल विवाह उनका रचनाका विषयवस्तु बनेका छन् । चापागाईंका प्रकाशित साहित्यिक कृतिहरू निम्न छन् :

१. आँधी (उपन्यास, इ. १९९९)
२. साइत (कथासङ्ग्रह, इ. १९८२) ।

### शान्ति थापा

असमेली नेपाली साहित्यकारहरूमध्ये शान्ति थापा पनि एक हुन् । यिनको जन्म इ. १९६८ मा गुहाटीमा भएको हो । यिनी नारीवादी लेखक हुन् । यिनका रचनामा नारीका पीर, मर्का, समस्या, वेदना, मातृत्व आदि प्रकटिएका छन् । विभिद विकृति र विसङ्गतिको पदाफास गर्दै यौनदुर्व्यवहार तथा पुरुषले गर्ने शोषण र अत्याचारको अन्त्यको आह्वान गरिएको छ । यिनका रचनामा मानवतावादी धारणा मुखरित भएको छ । मोहनी डट कम उपन्यासमा सन् १९७९ मा असममा भएको ‘बहिरागत हटाओ’ नामक जातीय आन्दोलनलाई मुख्य विषय बनाइएको छ । थापाका प्रकाशित साहित्यिक कृतिहरू निम्न छन् :

१. मोहनी डट कम (उपन्यास, इ. २००९)
२. आवर्तन (कथासङ्ग्रह, इ. २००७) ।

उपर्युक्त साहित्यकारका अलावा अन्य असमेली नेपाली साहित्यकारहरूले पनि साहित्य सिर्जना गरेका छन् । यीमध्ये कविता विधामा कलम चलाउने कविहरूमा रत्नबहादुर कार्की, प्रेमसिंह सुवेदी, लीलबहादुर क्षत्री, भवानी शङ्कर उपाध्याय, हरिभक्त कटुवाल, अग्निबहादुर क्षत्री, श्याम लिवाङ, दुर्गाप्रसाद घिमिरे, पद्म ढकाल, भवानीलाल लामिछाने, युद्धवीर राणा, अविनाश श्रेष्ठ, नव सापकोटा, केबी नेपाली आदि प्रमुख छन् । यस्तै आख्यान विधामा कलम चलाउने साहित्यकारहरूमा हरिप्रसाद शर्मा खनाल, दिल साहनी, हरिभक्त कटुवाल, टीकाराम उपाध्याय, काशीराम सुवेदी, हरिप्रसाद गोर्खा राई, दुर्गाप्रसाद अधिकारी, गहीन उपाध्याय, चन्द्रेश्वर दुबे, बुद्धिमान प्रधान, शेरमान थापा, लोकनाथ उपाध्याय, विष्णु शर्मा न्यौपाने, लक्ष्मण बोहोरा, मोहनकुमार श्रेष्ठ, डम्बर दाहाल, खड्गराज गिरी, मोतीसिंह क्षेत्री, विष्णुलाल उपाध्याय, हरि अधिकारी, शशी शर्मा, रवि शर्मा, गीता उपाध्याय, गोपालचन्द्र कौशिक, मोहन सुवेदी, रूपनारायण पाठक, आशारानी राई, सन्तकुमार देवान, प्रदीप राई, अनामिका, खड्गबहादुर कौशिक, गुरुभक्त धिताल, रतनकुमार पाण्डे, रोहित गौतम, गीता लिम्बू, चन्द्रकुमार शर्मा, पीताम्बर गुरुङ, तारानीधि उपाध्याय, गीता उपाध्याय, जितबहादुर सुनार, राजेन्द्र ढकाल, राम भट्टराई, रेवतीमोहन तिम्सिना, जयनारायण लुइटेल, देवीचरण सेढाइँ, मुक्ति उपाध्याय बराल, होमबहादुर क्षेत्री, पद्मबहादुर राई, रिजुदेवी, शान्ति थापा, रण कार्ले, रेवतीरमण सापकोटा, डिल्लीराम खनाल, पीताम्वर गुरुङ, केशवलाल गहतराज, भीम धमला, देवी थापा, रामप्रसाद दाहाल, खगेश्वर भट्ट, गुनु घर्ती, प्रकाश सुवेदी, हरि लुइटेल, हेम राई आदि प्रमुख छन् । यिनीहरूले स्थानीय सामाजिक जनजीवनलाई आफ्ना साहित्यको विषय बनाएका छन् । सामाजिक यथार्थवाद, आदर्शोन्मुख यथार्थवाद, मनोविश्लेषण, प्रयोगवाद, नारीवाद र स्वच्छन्दतावाद असमेली नेपाली साहित्यकारहरूका मूल प्रवृत्ति हुन् । असमेली नेपालीहरू नेपाली भाषा र साहित्यप्रति अनुरागी र सक्रिय रहेको पाइन्छ ।

### पत्रपत्रिका प्रकाशनकम र तिनको योगदान

नेपाली छापापत्रिको प्रकाशनमा असम, वनारस, देहरादुन र जलवाइगुडीको महत्त्वपूर्ण योगदान रहेको छ । नेपालमा छापाखानाको विकास नभएको हुँदा

सुरुमा पुस्तक र पत्रपत्रिका छपाउन भारत पुग्नुपर्ने अवस्था थियो । अध्ययन, तीर्थयात्रा वा काशीवासका लागि नेपालीहरू बनारस जाने गर्दथे । शिक्षित र साहित्यप्रेमी नेपालीहरू नेपाली भाषाको उत्थान र विकास साथै साहित्य सिर्जना र प्रकाशनको लागि भारतीयभूमि प्रयोग गरेको बुझिन्छ । नेपाली भाषाकै सबैभन्दा जेठोपत्रिका मानिएको गोरखा भारत जीवन पत्रिका जुनप्रति हाल उपलब्ध हुन सकेको छैन, यो वि.सं. १९४२ मा भारत बनारसबाट प्रकाशित भएको बुझिन्छ । नेपाली भाषाको पत्रिकाको इतिहासमा अहिले थाहा पाइएसम्मबाट गोरखा भारत जीवनलाई पहिलो पत्रिका मान्न सकिन्छ (देवकोटा, २०५९, पृ. ४२) । यसपछि बनारसबाट सदाशिव शर्माद्वारा सम्पादित उपन्यास तरङ्गिनी वि.सं. १९५९, रसिक समाजको सम्पादनमा सुन्दरी वि.सं. १९६३, राममणि आदीको सम्पादनमा माधवी वि.सं. १९६५, माधवप्रसादको सम्पादनमा चन्द्र वि.सं. १९७१, सूर्यविक्रम ज्ञवालीको सम्पादनमा गोर्खाली वि.सं. १९७२, काशीबहादुर श्रेष्ठको सम्पादनमा उदय वि.सं. १९९३, लक्ष्मीप्रसाद देवकोटाको सम्पादनमा युगवाणी वि.सं. २००४ आदि प्रकाशित भएका छन् । यसै गरी बनारसबाट गोर्खाली वि.सं. १९७२, राजभक्ति वि.सं. १९८३, सिलाङबाट गोर्खासेवक वि.सं. १९९२, देहरादुनबाट गोर्खासंसार वि.सं. १९८३, तरुणगोर्खा वि.सं. १९८५, कोलकाताबाट गोर्खा वि.सं. २००१, नेपालपुकार वि.सं. २००५ पत्रिका प्रकाशित भएका छन् ।

उपर्युक्त पत्रपत्रिकाबाहेक गोर्खासेवक (इ. १९३६), हिमाद्री (१९४८, गुहाटी), गोर्खादीप (१९५५, गुहाटी), प्रभात (१९५५, दरभङगा), प्रभात (१९५९, दर भङगा), मुक्ति, (१९५९, डिग्बोई), कोपिला (१९६०, डिग्बोई), हाम्रो ध्वनि (१९७५, गुवाहाटी), बिन्दु (१९६२, लामडिङ), देशवार्ता (१९९१, तेजपुर) आदि पनि प्रकाशित भएका छन् । यसैगरी नेपाली साहित्य परिषद् असमद्वारा 'सलेदो', 'परिषद् पत्र' १ देखि ५ सम्म र विभिन्न स्मृति ग्रन्थहरू प्रकाशित छन् । यी पत्रिकामा कविता, कथा, उपन्यास, नाटक, निबन्ध, लेख रचना, समालोचना प्रकाशित भएका छन् । साथै विभिन्न साहित्यिक कार्यक्रमहरू : भानुभक्त जयन्ती, हरिभक्त कटुवाल जन्मजयन्ती, देवकोटा जन्मदिवस, नाटक मञ्चन आदि आयोजना भएका छन् । यसबाट नेपाली साहित्यको संवर्द्धनमा भारतीय नेपालीहरूको भूमिका महतत्वपूर्ण रहेको स्पष्ट हुन्छ ।

नेपाली भाषासम्बन्धी छापापत्रिकाको प्रकाशन दार्जीलिङ, खर्साङ, कालिपोङ र सिक्किमको महत्वपूर्ण योगदान रहेको छ । नेपालमा छापाखानाको विकास नभएको सन्दर्भमा पुस्तक र पत्रपत्रिका छपाउन भारत पुग्नुपर्ने अवस्था थियो । शिक्षित र साहित्यप्रेमी नेपालीहरू नेपाली भाषाको उत्थान र विकास साथै साहित्य सिर्जना र प्रकाशनको लागि भारतीयभूमि प्रयोग गरेको बुझिन्छ । नेपाली भाषाको पत्रिकाको इतिहासमा अहिले थाहा पाइएसम्मबाट 'गोरखा भारत जीवन'लाई पहिलो पत्रिका मान्न सकिन्छ (देवकोटा, २०५९, पृ. ४२) जुन पत्रिका भारतीय भूमिबाट प्रकाशित भएको थियो । दार्जिलिङबाट 'गोर्खेखबर कागज' वि.सं. १९५८, 'चन्द्रिका' वि.सं. १९७४, 'आदर्श' वि.सं. १९८७, 'नेपाली साहित्य सम्मेलन पत्रिका' वि.सं. १९८९, 'खोजी' वि.सं. १९९८, कालिपोङबाट 'नेबुला' वि.सं. १९९१ पत्रिका प्रकाशित भएका छन् । यी पत्रिकामा नेपाली कविता, कथा, उपन्यास, नाटक, निबन्ध, लेखरचना, समालोचना प्रकाशित भएका छन् । साथै विभिन्न साहित्यिक कार्यक्रमहरू : भानुभक्त जयन्ती, हरिभक्त कटुवाल जन्मजयन्ती, देवकोटा जन्मदिवस, नाटक मञ्चन आदि आयोजना भएका छन् । यसबाट नेपाली भाषा र साहित्यप्रति भारतीय नेपालीहरूको चासो र चिन्ता रहेको स्पष्ट हुन्छ ।

## निष्कर्ष

नेपाली भाषा र साहित्यको विकासमा भारतीय भूमिको पनि योगदान रहेको छ । भारतीय भूमिमा जन्मेर भार तलाई कर्मथलो बनाएकाहरू, भारतीय भूमिमा जन्मेर

नेपाललाई कर्मथलो बनाएकाहरू अथवा नेपालमा जन्मेर भारतलाई कर्मथलो बनाएकाहरू जसले नेपाली भाषा र साहित्यप्रति चिन्ता र चासो राख्ने गर्दछन् उनीहरूले नेपाली भाषा र साहित्यको विकासमा केही योगदान दिएका छन् । यीमध्ये कतिपय भारतीय नेपालीहरूको मातृभाषा नेपाली नै छ भने कतिपय नेपालीभन्दा बाहेक अन्य मातृभाषाका वक्ता पनि छन् । उनीहरू अन्य भाषाका प्रयोक्तासँगै, अन्य भाषासँगै नेपाली भाषाको प्रयोग र साहित्यको सिर्जना पनि गरिरहेका छन् । उनीहरूले नेपाली भाषाको विकासमा चिन्तन, मनन गर्दै साहित्य सिर्जना गरेका छन् । यस्ता साहिति्य कृतिहरूले नेपाली साहित्य भण्डारमा उल्लेख्य योगदान दिएका छन् ।

दार्जिर्लिङ्, खर्साङ, कालिपोङ र सिक्किमका नेपाली साहित्यकारहरू : सूर्यविक्रम ज्ञवाली, धरणिधर कोइर ाला, पारसमणि प्रधान, रूपनारायण सिंह, लैनसिंह बाङ्देल, इन्द्रबहादुर राई, अगमसिंह गिरी, पारि जात, रामकृष्ण शर्मा र अच्छा राई रसिकले नेपाली साहित्यिक कृतिहरू प्रकाशित गरेका छन् । यसैगरी यस क्षेत्रबाट नेपाली साहितय सिर्जना गर्ने भारतीय नेपालीहरू प्रतापचन्द्र प्रधान, डिल्लीराम तिमसिना, शिवकुमार राई, गम्भीर राई, इन्द्र सुन्दास, भक्तवीर थापा, रामचन्द्र गिरी, तारामान गुरुङ, महानन्द सापकोटा, रश्मिप्रसाद आले, मणिसिंह गुरुङ, प्रतिमानसिंह लामा, धर्मरत्न बौद्ध, कृष्णसिंह मोक्ताङ, नारदकुमार छेत्री, श्रीप्रसाद शर्मा खरेल, नरबहादुर दाहाल, नन्द हाङ्गाखिम, प्रकाश कोविद आदि प्रमुख छन् । यसैगरी असमेली नेपाली साहित्यकारहरू : लीलबहादुर क्षेत्री, के बी नेपाली, अर्जुन निरौला, विक्रमवीर थापा, माया ठकुरी, हरिभक्त कटुवाल, नयादेवी, लोकनाथ उपाध्याय चापागाईं र शान्ति थापाले नेपाली साहित्य सिर्जना गरेका छन् । यसै गरी यसै क्षेत्रबाट कलम चलाउनेहरूमा रत्नबहादुर कार्की, प्रेमसिंह सुवेदी, भवानी शङ्कर उपाध्याय, अग्निबहादुर क्षत्री, श्याम लिवाङ, दुर्गाप्रसाद घिमिरे, पद्य ढकाल, भवानीलाल लामिछाने, युद्धवीर राणा, अविनाश श्रेष्ठ, नव सापकोटा, हरिप्रसाद शर्मा खनाल, दिल साहनी, टीकाराम उपाध्याय, काशीराम सुवेदी, हरिप्रसाद गोर्खा राई, दुर्गाप्रसाद अधिकारी, गहीन उपाध्याय, चन्द्रेश्वर दुबे, बुद्धिमान प्रधान, शेर मान थापा, लोकनाथ उपाध्याय, विष्णु शर्मा न्यौ पाने, लक्ष्मण बोहोरा, मोहनकुमार श्रेष्ठ, डम्बर दाहाल, खड्गराज गिरी, मोतीसिंह क्षेत्री, विष्णुलाल उपाध्याय, हरि अधिकारी, शशी शर्मा, रवि शर्मा, गीता उपाध्याय, गोपालचन्द्र कौशिक, मोहन सुवेदी, रूपनारायण पाठक, आशारानी राई, सन्तकुमार देवान, प्रदीप राई, अनामिका, खड्गबहादुर कौशिक, गुरुभक्त धिताल, रतनकुमार पाण्डे, रोहित गौतम, गीता लिम्बू, चन्द्रकुमार शर्मा, पीताम्बर गुरुङ, तारानीधि उपाध्याय, गीता उपाध्याय, जितबहादुर सुनार, राजेन्द्र ढकाल, राम भट्टराई, रेवतीमोहन तिम्सिना, जयनार ायण लुइटेल, देवीचरण सेढाइँ, मुक्ति उपाध्याय बराल, होमबहादुर क्षेत्री, पद्मबहादुर राई, रिजुदेवी, शान्ति थापा, रण काृले, रेवतीरमण सापकोटा, डिल्लीराम खनाल, पीताम्वर गुरुङ, केशवलाल गहतराज, भीम धमला, देवी थापा, रामप्रसाद दाहाल, खगेश्वर भट्ट, गुनु घर्ती, प्रकाश सुवेदी, हरि लुइटेल, हेम राई आदि छन् । यी साहित्यकारहरूले कविता, कथा, उपन्यास, नाटक, निबन्ध, लेखरचना, समालोचना आदि प्रकाशित गरेका छन् । यस्ता रचनामा स्थानीय सामाजिक जनजीवन, भारतीय नेपालकि विविध समस्यालाई आफ्ना साहित्यको विषय बनाइएको छ । सामाजिक थिचोमिचो, अन्याय, शोषण, पारिवारिक कलह, आर्थिक समस्या यिनका साहित्यका सेरोफेरो हुन् । सामाजिक यथार्थवाद, आदर्शोन्मुख यथार्थवाद, मनोविश्लेषण, प्रयोगवाद, नारीवाद र स्वच्छन्दतावाद भारतीय नेपाली साहित्यकारहरूका मूल प्रवृत्ति हुन् । भारतीय भूमिबाट प्रकाशित गोरखा भारत जीवन, उपन्यास तरङ्गिनी, गोर्खेखबरकागज, चन्द्रिका, आदर्श, नेपाली साहित्य सम्मेलन पत्रिका, खोजी, नेबुला, माधवी, चन्द्र, गोर्खाली, उदय, युगवाणी, गोर्खाली, राजभक्ति, गोर्खासेवक, गोर्खासंसार,

तरुणगोर्खा, गोर्खा, नेपालपुकार, गोर्खासेवक, हिमाद्री, गोर्खादीप, प्रभात, प्रभात, मुक्ति, कोपिला, हाम्रो ध्वनि, बिन्दु, देशवार्ता, सलेदो आदि जस्ता पत्रपत्रिकाको योगदान पनि महत्वपूर्ण रहेको छ । यी पत्रिकामा कविता, कथा, उपन्यास, नाटक, निबन्ध, लेख रचना, समालोचना प्रकाशित भएका छन् । नेपाली साहित्य भण्डारमा ती साहित्यिक कृतिहरू अमूल्य रहेका छन् । भारतभूमिमा विभिन्न साहित्यिक कार्यक्रमहरू : भानुभक्त जयन्ती, हरिभक्त कटुवाल जन्मजयन्ती, देवकोटा जन्मदिवस, नाटक मञ्चन आदि आयोजना हुने गरेका छन् । यसबाट नेपाली भाषा र साहित्यको विकास र संवर्द्धनमा भारतीय नेपालीहरूको भूमिका महत्वपूर्ण रहेको तथा नेपाली भाषा र साहित्यप्रति उनीहरूको चासो र चिन्ता रहेको स्पष्ट हुन्छ । यिनीहरूप्रति भारत र नेपाल सरकारले सम्मान दिनुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची


आचार्य, नरहरि र अन्य (सम्पा., २०४८), नेपाली कथा भाग १ (दो.सं.), ललितपुर : साझा प्रकाशन ।

क्षेत्री, तुलसीबहादुर (२०३४), नेपाली साहित्यको विकासमा दार्जीलिङको योगदान (बिसौं शताब्दीको पूर्वार्द्धसम्म), अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ ।

दाहाल, मोहनप्रसाद (इ. १९९५), दार्जिलिङका आधुनिक नेपाली उपन्यासका प्रवृत्तिहरूको विश्लेषण तथा मूल्याङ्कन (इ. १९२६ देखि इ. १९६४ सम्म), अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, उत्तरबङ्गाल विश्वविद्यालय, भारत ।

देवकोटा, ग्रीष्मबहादुर (२०५९), नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास, तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.), नेपाली बृहत् शब्दकोश, सातौं संस्करण, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान, २०५५ ।

प्रधान, पारसमणि (इ. १९७८), रमाइलो सम्झना खरसाङ्को, खरसाङ : जोखोजन पुस्तकालय ।

बराल, कृष्णहरि र एटम नेत्र (२०५८), उपन्यास सिद्धान्त र नेपाली उपन्यास, दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

राई, इन्द्रबहादुर (इ. १९६६), टिपेका टिप्पणीहरू, दार्जीलिङ : नेपाली साहित्य परिषद् प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), नेपाली उपन्यासको इतिहास, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

लुइटेल, लीला (२०६९), असमेली नेपाली कथाकार, समकालीन साहित्य (६८), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

शाक्यवंश, छत्रनरसिंह (२०७३), दार्जिलिङमा नेपाली भाषा र साहित्यको विकासको सङ्क्षिप्त इतिहास, प्रज्ञा (११३), काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०५३), नेपाली उपन्यास परम्परा र प्रवृत्ति, वाराणसी : भूमिका प्रकाशन ।